# राजस्व सुधार कार्ययोजना

## Revenue Improvement Action Plan (RIAP)

२०८०/८१ – २०८२/८३




# शिवराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रोटा, कपिलवस्तु, लुम्बिनी प्रदेश

# राजस्व सुधार कार्ययोजना

## Revenue Improvement Action Plan (RIAP)

२०८०/८१ – २०८२/८३

| | |
|---|---|
| **दस्तावेज/प्रतिवेदन** | **राजस्व सुधार कार्ययोजना तर्जुमा** |
| **प्रकाशक** | शिवराज नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>सम्पर्क नम्वर: ०७६-५४०११८, ०७६-५४०१४७<br>इमेल :shivrajmunicipality@gmail.com |
| **सहयोगी संस्था** | प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज, लुम्बिनी प्रदेश |
| **सहजीकरण संस्था** | अलाना इण्टरनेशनल सर्भिसेज प्रा.लि.<br>सम्पर्क नम्वर ०१-४५४४०९१<br>इमेल : aalanainternational456@gmail.com |
| **मिति** | २०८० जेष्ठ |

# नगर प्रमुखज्यूको मन्तव्य

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । संविधातः स्थानीय सरकारलाई प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेको छ । स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संघ तथा प्रदेश सरकारबाट उपलव्ध गराइने अनुदानले मात्र संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राजस्व अधिकार समेत तहगत सरकारबीच बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई प्राप्त कर तथा गैरकरहरुको अधिकतम परिचालन तथा आवश्यकता र औचित्यताको आधारमा ऋण परिचालन सहित निजी लगानी प्रर्वद्धनमा बिशेष ध्यान दिनु आवश्यक छ ।

यस सन्दर्भमा स्थानीय सरकारको वढ्दो खर्च धान्नका र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा समयसापेक्ष सुधार गर्न गाउपालिकाको लागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नु अपरिहार्य महसुस गरिएको छ । यसै सन्दर्भमा संविधान तथा कानून बमोजिम नगरपालिकालार्य प्रदत्त राजस्व अधिकारको परिधिभित्र रही नगरपालिकाको विद्यमान आय स्रोतहरुको समीक्षा, नगरपालिकाको दिगो र भरपर्दो वित्तीय स्रोतका सम्भावित स्रोतहरुको पहिचान, त्यस्ता श्रोतहरुको अधिकतम परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु र कार्यान्वयनको खाका तयार सहित आगामी ३ आर्थिक बर्षभित्र परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण सहित **शिवराज नगरपालिका**को यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

यस नवरपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै दिगो र भरपर्दो राजस्वका स्रोतहरुको पहिचान, विश्लेषण एवं राजस्व प्रशासनलाई प्रभावकारी वनाउने मुल उद्देश्यका साथ तयार गरिएको यस राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यमा कार्यक्रममै सहभागि भई रचनात्मक सल्लाह सुझाव एवं उल्लेखनीय सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिकाका वडा अध्यक्ष तथा नगर कार्यपालिका सदस्यहरु, सभासद सदस्यहरु एवं कर्मचारीवर्ग प्रति  धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस कार्यमा प्राविधिक सहयोग प्रदान गर्नुहुने **अलाना इन्टरनेशनल सर्भिसेज प्रा.लि.काठमाडौ** तथा वित्तीय सहयोगको लागि **लुम्विनी प्रदेश सरकार,प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज**को अमूल्य योगदानको कदर गर्दै सवैमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा यस्तै प्रकारका सहयोगहरुको अपेक्षा राखेको छु ।

**अजय थापा**
नगर प्रमुख
शिवराज नगरपालिका,चन्द्रौटा, कपिलवस्तु
लुम्विनी प्रदेश
नेपाल

## उप प्रमुखज्यूको मन्तव्य

स्थानीय तहको लागि केन्द्र र प्रदेश सरकारवाट उपलव्ध हुने अनुदानहरु र विषयगत संस्था तथा कार्यक्रमगत सशर्त सहयोगवाट यथोचित मात्रामा स्थानीय आवश्यकता परिपूर्ति हुन नसकिरहेको सन्दर्भमा यस **शिवराज नगरपालिका**को राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट एकातिर यस नगरपालिकाको आन्तरिक आय स्रोत अभिवृद्धि हुने सम्भावनाहरुको उजागार भएको छ भने आन्तरिक राजस्व अभिवृद्धि एवं राजस्व प्रशासनको प्रभावकारीता, क्षमता बिकासका लागि आगामी ३ वर्षका लागि राजश्व नीति, रणनीति एवं कार्यक्रमहरु पहिचान भएको छ । यस राजश्व सुधार योजना तर्जुमाको क्रममा सहभागितात्मक तथा सामुहिक छलफलवाट पहिचान भएका राजस्वका सम्भावित स्रोतहरुको परिचालनवाट स्थानीय जनचाहना अनुरुपका विकास कार्यलाई अगाडि वढाउन थप श्रोत परिचालन गर्न सकिने आत्मविश्वास वढेको छ । कार्ययोजनाले निर्दिष्ट गरे अनुसारको राजश्व नीति तर्जुमा, कार्यक्रम बिकास तथा लगानी, संगठनात्मक संरचनामा सुधार, दक्ष र प्रविधिमैत्री जनशक्तिको व्यवस्थापन, क्षमता अभिवृद्धि प्रविधिको अधिकतम उपयोग, राजश्व पारदर्शिता, सूचना संम्प्रेशन, नियमित अनुगमन तथा समिक्षा र पुर्नयोजना तर्जुमा जस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा गाउपालिकालाई सवैको साथ र सहयोग रहने बिश्वास लिएको छु ।

यस कार्यमा सहभागि भई आफ्नो अमूल्य सहयोग, सल्लाह सुझाव दिनु हुने यस नगरपालिकाका राजनीतिक दलका प्रतिनिधि लगायत नगरपालिकाका परिवार सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । कार्यक्रमलाई सहभागितात्मक र सामुहिक छलफलवाट संचालन गरी राजस्व सुधारका लागि विविध पक्षहरु पहिचानमा सहजीकरण गरी सहयोग गर्नुहुने परामर्शदाता संस्था **अलाना इन्टरनेशनल सर्भिसेज प्रा.लि.काठमाडौ** र वित्तीय सहयोगको लागि **लुम्बिनीप्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज** प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**शिव कुमारी चौधरी**
उप प्रमुख
शिवराज नगरपालिका, चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश
नेपाल

## दुई शब्द

सिबराज नगरपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी पालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट एकातिर यस गाउँपालिकाको आन्तरिक आय स्रोत अभिवृद्धि हुने सम्भावनाहरुको उजागार भएको छ भने आन्तरिक राजस्व अभिवृद्धि एवं राजस्व प्रशासनको प्रभावकारीता, क्षमता बिकासका लागि आगामी ३ वर्षका लागि राजश्व नीति, रणनीति एवं कार्यक्रमहरु पहिचान भएको छ। यस पालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम् जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् । यो राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यबाट पालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपादक्ष्य ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु राजश्व सुधार कार्ययोजना तर्जुमामा  खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस राजश्व सुधार कार्ययोजना तर्जुमाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने सेवाप्रदायक लगायत टिमका सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत,
सिबराज नगरपालिका
चन्द्रौटा कपिलबस्तु

# विषय सूची


| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| 1. | **परिच्छेद - एक : परिचय** | 7 |
| 1.1. | पृष्ठभूमि | 7 |
| 1.2. | आवश्यकता | 7 |
| 1.3. | उद्देश्य | 8 |
| 1.4. | विधि तथा प्रक्रिया | 8 |
| 1.5. | सीमा | 10 |
| 2. | **परिच्छेद - दुई : पालिकाको परिचय** | 11 |
| 2.1. | संक्षिप्त परिचय | 11 |
| 2.2. | मानव संशाधनको अवस्था | 11 |
| 2.3. | भौतिक सम्पत्तिको अवस्था | 12 |
| 3. | **परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता** | 13 |
| 3.1. | संवैधानिक तथा कानूनी व्यवस्था | 13 |
| 3.2. | राजस्व सङ्कलनका प्रमुख क्षेत्र र सम्भावना | 15 |
| 3.3. | कर राजस्व | 19 |
| 3.4. | गैरकर राजस्व | 20 |
| 4. | **परिच्छेद -चार : राजस्व सङ्कलन तथा संस्थागत क्षमता** | 22 |
| 4.1. | राजस्व परिचालन नीति | 23 |
| 4.2. | संस्थागत क्षमता | 23 |
| 4.3. | आन्तरिक आय | 24 |
| 4.4. | सम्भावना तथा चुनौतिहरु | 25 |
| 5. | **परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना** | 26 |
| 5.1. | कर राजस्व सुधार योजना तर्जुमा | 27 |
| 5.2. | गैरकर राजस्व सुधार योजना तर्जुमा | 28 |
| 5.3. | राजस्व प्रशासन सुधार योजना तर्जुमा | 31 |
| 6. | **परिच्छेद - छ : राजस्व प्रक्षेपण** | 33 |
| 6.1. | प्रक्षेपणको आधार | 34 |
| 6.2. | त्रिवर्षीय राजस्व प्रक्षेपण | 35 |

| | | |
|---|---|---|
| 7. | **परिच्छेद - सात : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** | 36 |
| 7.1. | कार्ययोजना कार्यान्वयन | 37 |
| 7.2. | अनुगमन तथा मूल्याङ्कन | 39 |
| | **अनुसूचीहरु** | |

# तालिका तथा ग्राफचित्र



| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| 1. | भू-उपयोगको अवस्था | 11 |
| 2. | नगरपालिकाको जनसाँख्यिक विवरण | 11 |
| 3. | संगठनात्मक संरचना | 12 |
| 4. | भौतिक अचल सम्पत्ति विवरण | 12 |
| 5. | स्थानीय तहको संवैधानिक अधिकार क्षेत्र | 13 |
| 6. | वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर | 14 |
| 7. | सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान | 16 |
| 8. | घर वहाल कर | 17 |
| 9. | कर राजस्व परिचालनको अवस्था | 20 |
| 10. | गैरकर राजस्व परिचालनको अवस्था | 20 |
| 11. | आन्तरिक आय विवरण | 23 |
| 12. | नगरपालिकाको वस्तु स्थिति विश्लेषण | 25 |
| 13. | कर राजस्व सुधार कार्ययोजना | 28 |
| 14. | गैरकर राजस्व सुधार कार्ययोजना | 30 |
| 15. | राजस्व प्रशासन सुधार कार्ययोजना | 32 |
| 16. | राजस्व प्रक्षेपणका आधारहरु | 33 |
| 17. | त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक आय | 34 |
| 18. | त्रिवर्षीय राजस्व प्रक्षेपण : वाह्य श्रोत | 35 |
| 19. | त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक र वाह्य | 36 |

# परिच्छेद - एक
# परिचय

## १.१ पृष्ठभूमि

शिवराज नगरपालिकाको राजस्व सुधार कार्ययोजना आगामी आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ का लागि तर्जुमा भएको छ । आन्तरिक राजस्व अभिवृद्धिका लागि तयार पारिएको यो कार्ययोजना राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ ले निर्धारण गरेको ढाँचा, विधि, प्रक्रियालाई आधार मानिएको छ । मुलतः नेपाल संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहका लागि व्यवस्था गरेको वित्तीय अधिकारलाई र सोका आधारमा त्रिवर्षीय कार्ययोजना तयार पारिएको छ । कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य एवं उद्देश्यलाई मध्य नजर राख्दै पालिकाको आफ्नै आर्थिक ऐनर वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ । यसैगरी संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशील कर प्रणाली जस्ता पक्षहरुलाई आत्मसाथ गर्दै राजस्वका क्षेत्र तथा दायराहरुलाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ । राजस्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरुमा राजस्व परिचालन गर्ने नीति समेत पालिकाले अङ्गिकार गरेको छ ।

समग्र वित्तीय तथा राजस्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथा तथ्याङ्कहरुको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा पालिकाको राजस्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम सहित तयार गरिएको त्रिवर्षीय राजस्व सुधार कार्ययोजना (२०८०/८१-२०८२/८३) पालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुने बिश्वास गरिएको छ ।शिवराज नगरपालिकाले यसलाई क्रमशः कार्यान्वयनमा ल्याउने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवश्यकता

### क) वढ्दो जनआकांक्षालाईसम्वोधन र परिपूर्ति गर्ने :

स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्नुपर्ने छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाईसम्वोधन गर्नुपर्ने वाध्यता छ । न्यूनतम भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलव्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न पनि सकिन्छ । साथै आर्थिक, सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव सिर्जना भएको छ । जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ । तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दिगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्य छ ।

### ख) संवैधानिक एवं कानूनी अधिकारको उपयोग गर्ने :

नेपालको राज्य संरचना मुलतः तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड भएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधान २०७२ ले गरेको छ । परम्परागत ढङ्गवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने भएको छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन हुँदै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान र परिचालन गर्नुपर्ने भएको छ । यसै सिलसिलामा नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ वाट स्थानीय तहको

वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था गरिएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।

**ग) स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** :

विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्य छ । यससंग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ । नेपालको संविधान र कानूनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधिभित्र रही दिगो रुपमा राजस्व सङ्कलन र परिचालनका क्षेत्रहरु पहिचान गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै हो । यस सन्दर्भमा राजस्व सङ्कलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानूनमा छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

**घ) राजस्व अभिवृद्धिका रणनीतिक कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने** :

स्थानीय तहको राजस्व सङ्कलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व सिर्जना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

## १.३ उद्देश्य

शिवराज नगरपालिकाको विद्यमान आन्तरिक आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दोस्रोतहरु पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य सहायक उद्देश्यहरु निम्न अनुसार छ ।

क) राजस्व सुधारका सम्वन्धमा नेपाल संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था भएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा पालिकाका पदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) पालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी राजस्व सुधार कार्ययोजना सहित आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि नगरपालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

## १.४ विधि तथा प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्नानुसारका विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

**क) पहिलो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन**

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यसैक्रममा सङ्कलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ रहेका थिए । त्यसैगरी लुम्विनी प्रदेश तहवाट निर्मित मुख्य ऐन कानूनहरुमा आर्थिक ऐन, सडक सवारी, यातायात तथा परिवहन, औद्योगिक व्यवसाय ऐन, कर तथा गैरकर राजस्व सम्वन्धी कर र वित्तीय व्यवस्थापन ऐन र मनोरन्जन, विज्ञापन र पर्यटन नियमावली लगायतका ऐन कानूनहरु अध्ययन गरिएको थियो भने पालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), पाालिकाको नीति कार्यक्रम तथा बजेट, पालिकाको आर्थिक ऐन आदि रहेका थिए ।




### ख) दोश्रो चरण : प्रश्नावली तथा फारम विकास

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क सङ्कलनका लागि फारम तथा प्रश्नावलीहरु विकास गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं पालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

### ग) तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा नगरपालिकामा एक दिने अभिमुखीकरण तथा कार्यशाला कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, पालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरुको सहभागितामा रहेको थियो । कार्यक्रममा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी विधि, प्रकिया, नगरपालिकाको राजस्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुति भएको थियो भने स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु, पालिकाले अभ्यासमा ल्याएका राजस्वहरु एवं राजस्व प्रशासन सम्वन्धी विषयमा पनि प्रस्तुतीकरण भई व्यापक छलफल भएको थियो । यसरी आयेजित कार्यशाल गोष्ठी विशेष गरी निम्न चार क्षेत्रमा केन्द्रीत रहेको थियो ।

- शिर्षकगत राजस्वका दररेट, दायर तथा प्रक्षेपण
- कर राजस्व सुधार योजना
- गैरकर राजस्व सुधार योजना
- राजस्व प्रशासन विशेषगरी अभिलेखीकरण, सङ्कलन, संगठनात्मक संरचना र समन्वय

### घ) चौथौ चरण : सूचना सङ्कलन तथा विश्लेषण

अध्ययनका लागि नगरपालिकाका शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । यसका साथसाथै नगरपालिकाका प्रकाशनहरु वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐन, राजस्व सम्वन्धी कानूनहरु, प्रगति विवरण लगायतका अध्ययन प्रतिवेदनहरुवाट तथ्याङ्क सङ्कलन भएको थियो । तथ्याङ्कहरु मूलत निम्न क्षेत्रमा केन्द्रीत भई सङ्कलन भएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरु

- विगत वर्षहरुमा सङ्कलन भएको राजस्व सम्वन्धी यथार्थ विवरणहरु
- राजस्व सङ्कलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरु

### ङ) पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

कार्ययोजना तर्जुमा कार्यशालावाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गर्दै आवश्यक परिमार्जन गरिएको थियो । त्यसैगरी विगत वर्षहरुको यथार्थ आय विवरणका आधारमा आगामी ३ वर्षका लागि वजेट प्रक्षेपण गरिएको थियो । प्रक्षेपणको क्रममा राजस्व सम्भाव्यताका आधारमा नयाँ क्षेत्रहरुको समेत राजस्व प्रक्षेपण भएको थियो । प्रक्षेपण गर्दा मुलत विद्यमान अवस्थामा प्राप्त भएको राजस्व, दायरा विस्तारको अवस्था, विगतको भएको राजस्व वृद्धिदर, अनुमान एवं विभिन्न पक्षहरुसंग भएको संझौतालाई आधार मानिएको थियो ।

### च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

राजस्वको विद्यमान अवस्था, सम्भावनाहरुको विश्लेषण, राजस्व सुधारका क्षेत्रहरुको पहिचान गर्दै राजस्व अभिवृद्धिका क्रियाकलापहरु सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा प्रतिवेदन लेखन कार्य भएको थियो । मस्यौदा प्रतिवेदनमा प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरी तयार पारिएको थियो । विशलेषण भएका तथ्यहरुलाई तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पार्दै नगरपालिका समक्ष पेश गरिएको थियो ।

### छ) अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन

मस्यौदा प्रतिवेदनवारे नगरपालिका एव सरोकारवाला सम्वन्धित सवै पक्षहरुको सुझावहरु सङ्कलन, मस्यौदा प्रतिवेदनमा छुटेका पक्षहरु थप्दै, तथ्याङ्कीय कमि कमजोरीहरु सच्याउदै प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार परिएको थियो ।

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन विभिन्न ८ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय रहेको छ । यसमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएका विधि, प्रक्रिया, उद्देश्य एवं राजस्व सुधार कार्ययोजनाको औचित्य वारे उल्लेख गरिएको छ भने परिच्छेद २ मा पालिकाको वस्तुस्थिति संक्षिप्त रुपमा खासगरी पालिकाको भौगोलिक अवस्थितिका वारेमा उल्लेख गरिएको छ भने परिच्छेद ३ मा राजस्व अधिकार तथा आय सम्भाव्यताका वारेमा उल्लेख गरिएको छ । राजस्व सङ्कलन तथा संस्थागत क्षमता विकासका वारेमा नीतिगत पक्षहरु परिच्छेद ४ मा उल्लेख भएको छ भने परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजना तर्जुमा भएको छ । यस अन्तर्गत कर राजस्व सुधार, गैरकर राजस्व सुधार र राजस्व प्रशासन सुधार योजना तर्जुमा गरिएको छ । पालिकाको राजस्व प्रक्षेपण परिच्छेद ६ मा उल्लेख भएको छ भने राजस्व सुधार कार्ययोजना सञ्चालनवाट प्राप्त हुन सक्ने अपेक्षित नतिजाहरुका वारेमा परिच्छेद ७ मा उल्लेख भएको र परिच्छेद ८ मा अनुगमन र मूल्याङ्कन वारे उल्लेख भएको छ ।

## १.५ सीमा

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक भएता पनि सीमित श्रोत साधन, विगतका वर्षहरूका सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क) प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय श्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार पारिएको छ ।

ख) पालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फारम अनुसार प्राप्त तथ्याङ्कहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट सङ्कलन गरिएको छ ।

ग) पालिकामा भएको अभिलेख एवं छलफलबाट प्राप्त सूचनाको आधारमा आयश्रोतहरुको पहिचान तथा सम्भाव्यता अध्ययन भएको छ । पालिकाको विगतका आर्थिक वर्षहरुमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजस्व वृद्धिदर, अनुमानका आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

घ) पालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व सङ्कलनमा असर गर्ने भएता पनि त्यस्ता पक्षहरुसंग सम्वन्ध राख्नेहरुको तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा समावेश गर्न सकिएको छैन ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद - दुई :
# नगरपालिकाको वस्तुस्थिति

## २.१ भौगोलिक अवस्थिति

शिवराज नगरपालिका २७°३४'६" देखि २७°४७'४४" उत्तरी अक्षांश र ८२°४३'५२" देखि ८२°५६'७" पूर्वी देशान्तरमा फैलिएको छ । समुन्द्र सतहको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल २८४.०७ वर्ग किमि रहेको छ ।

## २.२ राजनीतिक र प्रशासनिक विभाजन

वि.सं. २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको शिवराज नगरपालिका स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७३ साल फाल्गुन २७ को निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर यस नगरपालिकाको पुर्नगठन गरिएको हो । पूर्वमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाउँपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगञ्ज नगरपालिका रहेको छ । यस नगरपालिकामा हाल ११ वटा वडा कायम रहेका छन् । प्रतिनिधी सभा निर्वाचनका लागि तोकिएका जिल्लाका कूल ३ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ३ मा पर्दछ भने प्रदेशसभा निर्वाचन प्रयोजनका लागि कायम गरिएको निर्वाचन क्षेत्रको लागि क्षेत्र नं. ३ (ख) मा रहेको छ । नगरपालिकाको केन्द्र चन्द्रौटा बजारमा रहेको छ । पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव ५० किमि सडक दुरीमा अवस्थित रहेको छ ।

**तालिका नम्वर : १**
**भू उपयोगको अवस्था**

| भूमिको प्रकार | क्षेत्रफल वर्ग किमि | प्रतिशत |
|---|---|---|
| खाली जमिन | ०.५४ | ०.१९ |
| खेती गरिएको जमिन | ९६.३२ | ३३.९१ |
| भीर पखेरा | ०.०८ | ०.०३ |
| वन जङ्गल | १८०.६८ | ६३.६० |
| नर्सरी | ०.०५ | ०.०२ |
| वगैचा | ०.१३ | ०.०५ |
| ताल, पोखरी | ०.०३ | ०.०१ |
| वलौटे क्षेत्र | ३.१७ | १.१२ |
| वट्यान झाडी | ०.९७ | ०.३४ |
| पानीले ढाकेको क्षेत्र | २.०४ | ०.७२ |
| अन्य क्षेत्र | ०.०६ | ०.०२ |
| जम्मा | २८४.०७ | १०० |

स्रोत : नगरपालिकाको पाश्र्वचित्र, २०७६

## २.३ जनसांख्यिक विवरण

वि.सं. २०७८ मा गरिएको राष्ट्रिय जनगणना अनुसार शिवराज नगरपालिकाको कूल जनसंख्या ८४८१० रहेको छ । जसमा महिलाको संख्या४३४८२ र पुरुषको ४१३२८ जनसंख्या रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिका को जनसंख्या वृद्धिदर करीव २.२९ प्रतिशत रहेको पाइन्छ । यसैगरी कूल घरधुरी संख्या १६२४१ रहेको छ भने घरधुरी साइज ५.२२ रहेको देखिन्छ । क्षेत्रफलको आधारमा सवैभन्दा ठूलो वडाहरुमा क्रमश: वडा नम्वर १, ९, ३ रहेको पाइन्छ भने जनसंख्याको हिसावले सवैभन्दा वढी जनसंख्या रहेको वडाहरुमा वडा नम्वर ५, १ र ३ पर्दछ ।

**तालिका नम्वर : २**
**नगरपालिकाको जनसांख्यिक विवरण**

| वडा | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष जनसंख्या | महिला जनसंख्या | घरधुरी साइज | पुरुष महिला अनुपात | क्षेत्रफल वर्ग किमि |
|---|---|---|---|---|---|---|---|
| 1 | 2183 | 9712 | 4645 | 5067 | 4.45 | 91.67 | 79.46 |
| 2 | 1124 | 5570 | 2643 | 2927 | 4.96 | 90.30 | 10 |
| 3 | 1914 | 9320 | 4488 | 4832 | 4.87 | 92.88 | 47.67 |
| 4 | 1347 | 8141 | 4074 | 4067 | 6.04 | 100.17 | 10.74 |
| 5 | 3367 | 15566 | 7514 | 8052 | 4.62 | 93.32 | 8.45 |
| 6 | 1216 | 7400 | 3745 | 3655 | 6.09 | 102.46 | 16.59 |
| 7 | 596 | 4080 | 2057 | 2023 | 6.85 | 101.68 | 8.48 |
| 8 | 905 | 5743 | 2861 | 2882 | 6.35 | 99.27 | 11.28 |
| 9 | 1517 | 7012 | 3249 | 3763 | 4.62 | 86.34 | 72.46 |
| 10 | 731 | 4573 | 2286 | 2287 | 6.26 | 99.96 | 7.27 |
| 11 | 1341 | 7693 | 3766 | 3927 | 5.74 | 95.90 | 11.67 |
| | 16241 | 84810 | 41328 | 43482 | 5.22 | 95.05 | 284.07 |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.४ मानव संशाधनको अवस्था

नगरपालिकामा प्रशासन शाखा, आर्थिक प्रशासन, योजना तथा शहरी विकास, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, कृषि विकास, पशु विकास, महिला विकास र सूचना शाखाहरु कार्यरत छन भने राजस्व उपशाखा र रोजगार सूचना केन्द्रको समेत व्यवस्था गरिएको छ । नगरपालिकामा७६ जना कर्मचारीहरु विभिन्न पद तथा जिम्मेवारीमा कार्यरत रहेको पाइन्छ । सूचना, रोजगार केन्द्र, प्राविधिक, सवारी चालक र कार्यालय सहयोगी क्षेत्रमा कार्यरत केही कर्मचारीहरु करार राखिएको छ ।

**तालिका नम्वर : ३**
**संगठनात्मक संरचना**




नगरपालिकाको संगठनात्मक संरचना अन्तर्गत नगरसभा प्रति जवाफदेहि हुने गरी विधान समिति, लेखा समिति सुशासन समिति गठन गरिएको छ भने नगर कार्यपालिका अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन समितिहरु गठन गरिएको छ । त्यसैगरी न्यायिक समिति, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिहरु पनि क्रियाशील रहेको पाइन्छ ।

## २.५ भौतिक सम्पत्तिको अवस्था

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार नगरपालिकामा सवारी साधन, पिकअप भ्यान, मोटरसाइकल, स्कुटरहरु र ट्याक्टर छन ।

त्यसैगरी कार्यालय भवनहरु पनि विभिन्न क्षेत्रमा रहेको पाइन्छ । पालिकाको वडा नम्वर १, ३-६, ८-११ गरी कूल ९ वटा वडाहरुमा आफ्नै कार्यालय भवन रहेको पाइन्छ भने नगरपालिकाको आफ्नै कार्यालय भवन निर्माण हुन सकेको छैन । र वडा नम्वर २ र ७मा समेत आफ्नै वडा कार्यालयमा सेवा प्रवाह सुचारु हुन सकेको पाइन्दैन ।

**तालिका नम्वर : ४**
**नगरपालिकाको भौतिक अचल सम्पत्ति विवरण**

| अचल सम्पत्तिको नाम | अनुमानित मुल्य (रु.) | कैफियत |
|---|---|---|
| स्कारपियो जिप | | १ वटा |
| स्कारपियो पिक अप | | १ वटा |
| मोटर साइकल | | १८ वटा |
| स्कुटर | | १ वटा |
| ट्रेक्टर | | १ वटा |
| घुम्ती शौचालय | | १ वटा |
| १ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- ५ धुर |
| ३ नं. वडा कार्यालय भवन | | भवन-३ / जग्गा- ३ कट्ठा |
| ४ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- १ कट्ठा १० धुर |
| ५ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- १ कट्ठा |
| ६ नं. वडा कार्यालय भवन | | निर्माणाधिन / जग्गा- १ कट्ठा १ धुर |
| ८ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- १५ धुर |
| ९ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- ३ कट्ठा १८ धुर |
| १० नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- ३ कट्ठा |
| ११ नं. वडा कार्यालय भवन | | भवन-१ / जग्गा- २ कट्ठा |

*श्रोत: संस्थागत सर्भेक्षण, २०७६*

# परिच्छेद - तीन :
# राजस्व अधिकार तथा आय सम्भाव्यता

### ३.१ राजस्व अधिकार

#### क) संवैधानिक अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । राज्य शक्ति वाँडफाँड संविधानको अनुसूची ५ वमोजिम संघलाई, अनुसूची ६ वमोजिम प्रदेशलाई र अनुसूची ८ वमोजिम स्थानीय तहलाई हुने व्यवस्था भएको छ । त्यसैगरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारका र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्वन्धी व्यवस्था गरिएको छ । यसरी व्यवस्था गरिएका अधिकारहरु प्रयोगका लागि सम्वन्धित सरकारहरुले आ-आफ्नो कानूनहरु वनाउनु पर्ने हुन्छ । नेपालको संविधान २०७२ को धारा ६० मा राजस्व स्रोतको वाँडफाँडको व्यवस्था गरिएको छ । यसअनुसार तीनै तहका सरकारले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था भएको छ । मुलतः तीनैतहका सरकारललाई एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारका अधिकार निर्धारण गरिएको छ । कर लगाउने तथा राजस्व सङ्कलन गर्ने सन्दर्भमा स्थानीय तहका लागि नेपालको संविधान अनुसूची ८ को अनुक्रम ४ मा उल्लेख गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ । सो अनुसार स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत सङ्कलन गर्न सक्ने छ भने प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्कलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ ।

**तालिका नम्वर : ५**
**स्थानीय तहको संवैधानिक अधिकार क्षेत्र**

| स्थानीय तहको अधिकार क्षेत्र अनुसूची ८ को अनुक्रम ४ वमोजिम एकल अधिकार | संघ, प्रदेश र स्थानीय तहको अनुसूची ९ को अनुक्रम ६ वमोजिमसाझा अधिकार |
|---|---|
| ➧ सम्पत्ति कर<br>➧ घर वहाल कर<br>➧ घरजग्गा रजिष्ट्रेशन शुल्क<br>➧ सवारी साधन कर<br>➧ सेवा शुल्क दस्तुर<br>➧ पर्यटन शुल्क<br>➧ विज्ञापन कर<br>➧ व्यवसाय कर<br>➧ भूमिकर (मालपोत)<br>➧ दण्ड जरिवाना,<br>➧ मनोरञ्जन कर<br>➧ मालपोत संकलन | ➧ सेवा शुल्क<br>➧ दस्तुर<br>➧ दण्ड जरिवाना<br>➧ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी<br>➧ पर्यटन शुल्क |

श्रोत : नेपालको संविधान २०७२

#### ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपारिकाको वित्तीय अधिकार क्षेत्र उल्लेख भएको छ । सो परिच्छेदको दफा ५४ देखि ६४ सम्म वित्तीय अधिकार सम्वन्धी विविध पक्षहरु व्यवस्था गरिएको छ । यस अनुसार दफा ५४ मा कानून नवाइ कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था भएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ । त्यसैगरी दफा ५६ मा भूमिकर तथा मालपोत, दफा ५७ मा घरजग्गा वहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा वहाल विटौरी शुल्क, दफा ६० मा पार्किङ शुल्क, दफा ६१ मा जटीवुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्कको व्यवस्था गरिएको छ भने दफा ६३ मा कर, शुल्क वा दस्तुर कुटनीतिक नियोग एवं कुटनीतिज्ञ र वैदेशिक ऋण एवं सहायतावाट सञ्चालित परियोजनाका पैठारी भएका मालसामानमा लगाउन नपाउने व्यवस्था छ । दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, सङ्कलन र वाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्सा जस्ता सवारी करको दर निर्धारण सङ्कलन गर्ने अधिकार स्थानीय तहमा राखिएको छ भने उपरोक्त वाहेकका सवारी साधनमा करदर निर्धारण र सङ्कलन गर्ने अधिकार प्रदेश

सरकारलाई दिइएको छ । त्यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरन्जन करको दर निर्धारण प्रदेश सरकारवाट र सङ्कलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने विज्ञापन कर दर निर्धारण र सङ्कलन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । प्राकृतिक श्रोत कर खासगरी ढुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको करदर निर्धारण प्रदेश सरकार र सङ्कलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । पर्यटन शुल्क पर्वतारोहरण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क नेपाल सरकारलाई, स्थानीय उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा सङ्ग्राहलयको प्रवेश शुल्क स्थानीय सरकारलाई र पर्यटन शुल्क निर्धारण र सङ्कलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ ।

### ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ऐनको दफा ३ मा कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था भएको छ । यस अनुसार स्थानीय तहको अधिकार क्षेत्र यसै ऐनको दफा ३ को उपदफा ३ तथा अनुसूची ३ मा उल्लेख गरिएको छ । स्थानीय तहको यस ऐन अनुसार देहाय वमोजिमका क्षेत्रहरुमा कर तथा गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ ।

**तालिका नम्वर : ६**
**वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर सम्वन्धी**

| करका क्षेत्रहरु | गैरकरका क्षेत्रहरु |
|---|---|
| १) सम्पत्ति कर<br>२) घर वहाल कर<br>३) घर जग्गा रजिष्ट्रेशन शुल्क<br>४) सवारी साधन कर | १) सेवा शुल्क दस्तुर<br>२) पर्यटन शुल्क<br>३) दण्ड जरिवाना |
| ५) भूमिकर (मालपोत)<br>६) मनोरञ्जन कर<br>७) विज्ञापन कर<br>८) व्यवसाय कर | स्थानीयतहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैकर करहरु |

श्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले कर राजस्व अन्तर्गत सम्पत्तिकर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर तथा मालपोत, मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय कर लगाउन र संकलन गर्ने सक्ने व्यवस्था गरिएको छ भने गैरकर राजस्व अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानावाट ।

त्यसैगरी दफा ४ मा गैरकरको दर निर्धारणका आधारहरु तोएिको छ । सबै तहका सरकारहरुले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दरहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ भने दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था गरिएको छ । यस अनुसार सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर उठाउदा प्रदेश र स्थानीय सरकारले एक अर्काको कर समेत उठाउने व्यवस्था गरिएको छ । कर सङ्कलन गर्दाको सम्वन्धित तहले प्रशासनिक खर्च २ प्रतिशत राखी वाँकी रकम सम्वन्धित तहको संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ को दफा ६ मा मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क वाँडफाँड, दफा ७ मा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी वाँडफाँडको व्यवस्था गरेको छ । यस अनुसार मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कवाट १५ प्रतिशत र प्राकृतिक स्रोतको रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) वाट २५ प्रतिशत राजस्वको व्यवस्था गरिएको छ । त्यसैगरी परिच्छेद ४ को दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था गरिएको छ भने दफा १४ मा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

### घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान सम्वन्धी व्यवस्था यस ऐनको परिच्छेद ४ मा गरिएको छ । यसै ऐनको दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, दफा १५ मा राजस्व बाँडफाँड गर्दा लिइने आधार, दफा १६ मा अनुदान सिफारिस गर्दा लिइने आधारको व्यवस्था गरिएको छ । राजस्व बाँडफाँड गर्दा विशेष गरी जनसंख्या, भौगोलिक क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेका प्रयास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई आधार मानिने व्यवस्था गरिएको छ ।

### ङ) नगरपालिकाको आर्थिक ऐन, २०७८

नगरपालिकाको आर्थिक ऐन, २०७९ अनुसार निम्न राजस्वका श्रोतहरुवाट राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**क) कर राजस्व तर्फ :**

१. सम्पत्ति कर
२) भूमिकर (मालपोत)
३) वहाल कर
४) व्यवसाय कर
५) जडीवुटी, कवाडी र जीवजन्तु कर
६) विज्ञापन शुल्क
७) मनोरञ्जन कर
८) सवारी साधन कर

**ख) गैरकर राजस्व**

९) विकी तथा निकासी शुल्क सडक उपयोग शुल्क
१०) वहाल विटौरी शुल्क
११) कर छूट तथा जरिवाना
१२) उद्योग दर्ता शुल्क
१३) सेवा शुल्क, दस्तुर

### ३.२ राजस्व सङ्कलनका प्रमुख क्षेत्र र सम्भावना

नगरपालिकाको आन्तरिक आय अन्तर्गत कर तथा गैरकर राजस्वका प्रमुख श्रोतहरु सम्पत्तिकर, घरवहाल कर, व्यवसाय कर, नक्सापास, एवं प्राकृतिक श्रोत साधन (ढुङ्गा गिट्टी वालुवा) आदिको विद्यमान अवस्था र राजस्व सम्भावनाहरु यसप्रकार रहेको छ ।

### क) सम्पत्ति करको दर

**विद्यमान अवस्था :**

नगरपालिकाले सम्पत्ति करलाई कार्यान्वयनमा ल्याएको छ । कर प्रयोजनका लागि घर र घरले चर्चेको जग्गालाई आधार मानिएको छ रसो वाहेकको अचल सम्पत्तिमा मालपोत तथा भूमिकर लगाउने व्यवस्था भएको छ । नगरपालिकावाट करयोग्य सम्पत्तिको मूल्य निर्धारण रु.५ लाख सम्मका लागि एकमुष्ट रु.५० कायम गरिएको छ । सो भन्दा माथि रु.५० लाख सम्मका लागि प्रति लाख रु.१० निर्धारण गरिएको छ । त्यसैगरी रु.१ करोड सम्मका लागि प्रति लाख रु.१५ र रु.२ करोड सम्मका लागि प्रति लाख रु.२० कायम गरिएको छ । रु.३ करोड सम्मका लागि प्रति लाख रु.३० र रु.५ करोड सम्मको सम्पत्तिका लागि करदर प्रति लाख रु.४५ निर्धारण गरिएको छ । रु.५ करोडमाथि जतिसुकै भएपनि प्रतिलाख रु.५० करदर निर्धारण गरिएको छ ।

त्यसैगरी जग्गा मूल्याङ्कनका लागि मुख्य आधार सडकलाई वनाइएको छ । नगरपालिका भित्रका सडकहरुको स्तर अनुसार वर्गीकरण गरी सोही अनुसार जग्गाको न्यूनतम मूल्य निर्धारण गरिएको छ । पूर्वपश्चिम महेन्द्र राजमार्ग, कलौनी जाने सडक, भित्री सडक, पक्की सडक, ग्राभेल सडक, कच्ची सडक गरी सडकलाई ६ भागमा वर्गीकरण

गरिएको छ र जग्गाको न्यूनतम मूल्याङ्कन पनि निर्धारण भएको छ । सडक नपुगेका भूमिहरुको हकमा कृषि उपजहरुको उब्जनीलाई आधार मानिएको छ । यस अनुसार वाटो नपुगेको तर उब्जनी हुने र वाटो पुगेको तर उब्जनी नहुने गरी दुई भागलाई आधार मानिएको छ ।

भौतिक संरचना खासगरी घर भवनहरुको मूल्याङ्कनका लागि नगरपालिकाले (आसिसि फ्रेम स्ट्रक्चर, सिमेण्टको जडाइमा ईट्टा ढुङ्गाको गारो र आसिसि छाना, माटोको जडाइमा ईट्टा ढुङ्गाको गारो र आरसिसि छाना, सिमेण्टको जोडाइमा ईट्टा ढुङ्गा गारो र जस्तापाताको छाना, माटोको जडाइमा ईट्टा ढुङ्गाको गारो र जस्ता टायलको छाना, र कच्ची घर)६ भागमा वर्गीकरण गरी प्रति वर्गफिटका आधारमा कर दर निर्धारण गरिएको छ । यसरी करदर निर्धारण गर्दा व्यापारिक र आवासिय क्षेत्रका अलग अलग करदरको व्यवस्था भएको छ ।

यसरी व्यवस्था गरिएको सम्पत्ति करवाट आर्थिक वर्ष २०७९/८० का लागि रु.३० लाख र भूमिकर (मालपोत) वाट रु.२५ लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ । जुन अनुमान कूल आन्तरिक आय (रु.७ करोड ५० लाख) मा क्रमशः ४.० र ३.३३ प्रतिशत हिस्सा हुन आउछ ।

**सम्भाव्यता :**

सम्पत्ति कर अवधारणागत रुपमा नगरपालिकाले अवलम्वन गरेका पक्षहरु राम्रा छन ।सम्पत्तिको न्यूनतम मूल्याङ्कन गर्ने अभ्यास भएको छ । परम्परागतअभ्यासहरु अव्वल, दोयम, सीम र चाहार जस्ता भूमिलाई वर्गीकरण गरी सोही अनुसार करदर निर्धारण विधिलाई नगरपालिकाले हटाइएको छ र वर्गफिटका आधारमा संरचनाको करदर निर्धारण भएको छ । तापनि नगरपालिकावाट भूमिको न्यूनतम मूल्याङ्कन र करदरप्रतिशतमा निर्धारण गरिएको भए व्यवहारिक, वैज्ञानिक एवं सामाजिक हिसावबाट न्यायोचित हुने हुन्थ्यो । सो वदलामा एकमुष्ट रकम निर्धारण भएवाट (प्रति लाखका आधारमा करदर निर्धारण) करको मुलभूत सिद्धान्त वढी आयले वढी र कम आयले न्यून तिर्न सक्ने पक्षलाई संवोधन हुन नसकेको भान हुन्छ । त्यसैगरी नगरपालिकावाट करदाताहरुको अभिलेख अद्यावधिक हुन सकिरहेको छैन । कर तिर्न वाँकी करदाताहरु के कति संख्यामा कर सञ्जालवाट वाहिर छन सोवारे यकिन तथ्याङ्क नगरपालिकासंग छैन । जसका कारण कर तिर्ने र नतिर्नेका वीच कुनै फरकपन देखिदैन र करको दायरा विस्तार समेत हुन सकेको देखिदैन ।

नगरपालिकाले सम्पत्ति करलाई व्यवस्थित एवं करको दायरा विस्तार गर्दा सम्पत्ति करवाट मात्रै वार्षिक रु. २ करोड २६ लाख कर राजस्व सङ्कलन हुन सक्ने देखिन्छ । यसका लागि करदाता तथ्याङ्क (डाटावेस) अद्यावधिक र कम्प्युटर सफ्टवेयर जडान गर्नुपर्ने हुन्छ । नगरपालिका क्षेत्रभित्र १६२४१ घरधुरीहरु रहेका छन । यी घरधुरीहरु नगरपालिकाका करदाताहरु हुन, जसलाई एक दायरा भित्र ल्याउनु पर्ने हुन्छ ।

एक घर एक करदाता भएको अनुमान गर्दा सम्पत्ति कर प्रयोजनका लागि नगरपालिकामा १६२४१करदाता छन । शुरुका वर्षहरुमा उपरोक्त करदाताहरु करको दायरा भित्र आउन नसकेपनि क्रमिक रुपमा ल्याउन सकिने छ ।करको दरलाई न्यूनतम निर्धारण र दायरा विस्तार नै यसको मुख्य विधि हो । यस अनुसार रु.१० लाख सम्मका लागि न्यूनतम ०.०११० प्रतिशत, रु.५० लाख सम्मका लागि ०.०११५ प्रतिशत र रु.५ करोड सम्मका लागि ०.०१६ प्रतिशतकरदर निर्धारण गर्दा उपरोक्त रकम रु. २ करोड २६ लाख ८२ हजार कर राजस्व प्राप्त हुन सक्ने देखिन्छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथ सम्लग्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर : ७**
**सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान**

| जम्मा घरधुरी संख्या | करदाता संख्या यथार्थमा (प्रतिशत) | करदाता संख्या | अचल सम्पत्ति न्यूनतम मूल्याङ्कन रु. | सम्पत्ति करदर | वार्षिक कर रकम प्रति एक करदातावाट रु. | जम्मा वार्षिक कर रकम रु. |
|---|---|---|---|---|---|---|
| 16,241 | 16,241 | | | | | |
| | 50 | 8121 | 5,000,000 | 0.000115 | 575 | 4,669,288 |
| | 30 | 4872 | 10,000,000 | 0.000120 | 1,130 | 5,505,699 |

**तालिका नम्वर : ७**
**सम्पत्ति कर : प्राप्त हुन सक्ने अनुमान**

| जम्मा घरधुरी संख्या | करदाता संख्या यथार्थमा (प्रतिशत) | करदाता संख्या | अचल सम्पत्ति न्यूनतम मूल्याङ्कन रु. | सम्पत्ति करदर | वार्षिक कर रकम प्रति एक करदातावाट रु. | जम्मा वार्षिक कर रकम रु. |
|---|---|---|---|---|---|---|
| | 10 | 1624 | 20,000,000 | 0.000130 | 2,460 | 3,995,286 |
| | 5 | 812 | 30,000,000 | 0.000140 | 3,990 | 3,240,080 |
| | 3 | 487 | 40,000,000 | 0.000150 | 5,720 | 2,786,956 |
| | 2 | 325 | 50,000,000 | 0.000160 | 7,650 | 2,484,873 |
| जम्मा | | | | | | **22,682,181** |

## ख) घरवहाल कर

**विद्यमान अवस्था :**
नगरपालिकाले घरवहाल कर वापत आर्थिक वर्ष २०७९/८० का लागि रु. ५ लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ । पालिका क्षेत्रको वजार तथा सडक यातायात सञ्जालहरुको विकास तथा विस्तार जस्ता पक्षहरुलाई आधार मानी हेर्दा उपरोक्त राजस्व भन्दा वढी सङ्कलन हुन सक्ने आँकलन गर्न सकिन्छ । यसका लागि नगरपालिका भित्र भाडामा घर भवन तथा जग्गा लिनेदिनेको अभिलेख अद्यावधिक हुन जरुरी हुन्छ । अर्कोतर्फ भाडामा लिइने करदर आफैमा महंगो भएको कारण कर सञ्जाल भित्र करदाताहरु आउन अनइच्छिुक हुन सक्छ ।

**तालिका नम्वर : ८**
**घरवहाल कर**

| | |
|---|---|
| कुनै व्यक्ति संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा, पोखरी आदि पुरै वा आंशिक तवरले वहालमा दिएमा घरजग्गा वहाल कर | १० प्रतिशत |

**श्रोत : शिवराज नपा, आर्थिक ऐन २०७८**

नगरपालिका क्षेत्रभित्र व्यक्ति संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा, पोखरी आदि पूरै वा आंशिक तवरले वहालमा दिएमा घरजग्गा वहाल कर लगाइने व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिएको छ । यस अनुसार जुनसुकै प्रयोजनका लागि भाडामा लिएपनि करदर प्रतिशत १० कायम गरिएको छ । जुन आफैमा अव्यवहारिक देखिन्छ भने अर्कोतर्फ यसरी निर्धारण भएको करदर प्रगतिशील नभई समदर अन्तर्गत पर्दछ । किनकि भाडा लिनेदिने प्रयोजन व्यवहारिक रुपमा अलग अलग हुने गर्दछ । कसैले व्यवसायिक प्रयोजन, कसैले संस्थाग्रयोजन र कसैले आवास प्रयोजनका लागि घर भवन तथा जग्गा भाडा लिने गरेको पाइन्छ । एकै घर तथा भवनहरुको पनि भाडादर अलग अलग निर्धारण हुने गरेको सन्दर्भमा प्रयोजनका आधारमा घर भवन तथा जग्गाको भाडा दर निर्धारण गर्नु उपयुक्त र व्यवहारिक पनि हुने देखिन्छ ।

**सम्भाव्यता:**
सन २०१८ मा भएको आर्थिक सर्भेक्षण अनुसार सडक क्षेत्रमा रही व्यवसाय गर्नेहरुको संख्या ९७, आफ्नै निजी घर तथा भवनवाट व्यवसाय सञ्चालन गर्नेहरुको संख्या १२२१ र व्यवसायिक भवनहरुवाट व्यवसायहरु सञ्चालन गर्नेहरुको संख्या ५१५ रहेको देखिन्छ । यसवाट अनौपचारिक क्षेत्रका उद्योग, व्यापार, व्यवसायहरुको संख्या र व्यवसाय सञ्चालन भाडामा कार्यालय लिई वा निजी आवासवाट सञ्चालन भएको संख्या यकिन हुन नसके तापनि सोको संख्या अधिक नै पाइन्छ ।

घर तथा भवनहरु भाडामा लिई आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्ने आर्थिक सर्भेक्षण अनुसार ५१५ रहेको देखिन्छ । यिनीहरुवाट औषतमा मासिक रु.५००० का दरले भाडा भुक्तानी हुँदा वार्षिक रु.३ करोड ९ लाख हुने हुन्छ । उपरोक्त भाडा रकममा नगरपालिकावाट घरवहाल वापतको करदर ५ प्रतिशत मात्रै निर्धारण भएमा पनि वार्षिक रु १५ लाख ३४ हजार कर राजस्व सङ्कलन हुन सक्ने अनुमान गर्न सकिन्छ । यसका लागि नगरपालिकावाट भाडामा लिनेदिने सम्भावित करदाताहरुको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ ।

**ग) व्यवसाय कर**

**विद्यमान अवस्था** :

सन २०१८ मा भएको आर्थिक सर्भेक्षण अनुसार नगरपालिका क्षेत्रभित्र २३१६ वटा उद्योग व्यापार व्यवसाय सञ्चालनमा आएको पाइन्छ । सो मध्ये सम्वन्धित निकायमा दर्ता भई सञ्चालनमा आएकाहरुको संख्या ११७२ र दर्ता नभई सञ्चालनमा रहेका उद्योग व्यापार व्यवसायको संख्या ११४४ रहेको पाइन्छ । त्यसैगरी अनौपचारिक क्षेत्रका लघु, घरेलु तथा साना उद्योग व्यापार व्यवसायहरुको संख्या यकिन गर्न नसकिएपनि अधिक हुन सक्ने अनुमान गर्न सकिन्छ ।

आर्थिक सर्भेक्षण अनुसार कृषि, वन तथा माछासंग सम्वन्धितको संख्या २८ वटा, उत्पादनसंग सम्वन्धित २८६, खानी, विजुली, ग्याँस, पानी आपूर्ति, र निर्माणसंग सम्वन्धित ३४ वटा, थोक तथा खुद्रा व्यवसायसंग १२८६, यातायात, गोदाम, सूचना सञ्चारसंग सम्वन्धित २५, होटेल रेष्टुरेण्टसंग सम्वन्धित ३००, वित्तीय तथा वीमासंग सम्वन्धित ३५, शिक्षासंग सम्वन्धित १०८, स्वास्थ्य तथा सामाजिक कार्यसंग सम्वन्धित ३५ र घरजग्गा कारोवार, पेशागत, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन आदिसंग सम्वन्धित १७९ वटा व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । उपरोक्त उद्योग, व्यापार व्यवसायहरुवाट नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क तथा व्यवसाय कर सङ्कलन हुन सकेको देखिदैन ।

नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ४ मा लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर सङ्कलन गर्ने व्यवस्था भएपनि सोका लागि वनेको अनुसूची ३ मा व्यवसायवाट दर्ता तथा नवीकरण शुल्क लिने व्यवस्था गरिएको छ ।

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार पालिका क्षेत्रभित्र १३३६ वटा उद्योग व्यवसायहरु सञ्चालन रहेको देखिन्छ । यस अन्तर्गत ८० वटा उद्योगहरु छन ।यसरी सञ्चालित उद्योगहरु मध्ये २३ वटा ठूलाउद्योग, ८ वटा मझौला उद्योग, २४ वटा घरेलु उद्योग, २३ वटा साना उद्योग र २ वटा वन्द उद्योग रहेका छन। व्यापार व्यवसायको क्षेत्रवाट मात्रै वार्षिक रु.२,०२,७६,४९ हजारको कारोवार भएको अभिलेख पाइन्छ । त्यसैगरी ७९ वटा मिलहरु (कुटानी, पिसानी र पेलानी) पनि सञ्चालन रहेको अभिलेख पाइन्छ ।

**सम्भाव्यता :**

व्यवसाय कर सिद्धान्तत, वार्षिक कारोवारको आधारमा कर लगाउने गरिन्छ । कर कार्यालयको लामो अभ्यास पनि यसैमा आधारित छ र व्यवसायहरुको लेखापरीक्षण एवं वार्षिक कारोवारलाई आधार मानी कर रकम निर्धारण हुँदै आएको पाइन्छ । सामान्यत, व्यवसायहरुको स्तर र व्यवसायिक प्रकृति हेर्दा अघिकांश अनौपचारिक हुने भएकोले लेखापरीक्षण गर्ने कार्य आफैमा त्यत्ति व्यवहारिक नहुन पनि सक्छ । तापनि व्यवसायमा कर निर्धारण मुख्य आधार कारोवार नै भएकोले त्यसैलाई आधारमानी कर सङ्कलन गर्नुपर्ने हुन्छ । त्यसका लागि नगरपालिकाले व्यवसायको प्रकृति, हुनसक्ने वार्षिक कारोवार, व्यवसायमा भएको पूँजी लगानी जस्ता पक्षलाई आधार मानी व्यवसायिहरुको प्रतिनिधि संस्थासंगको सहमतिमा एक करयोग्य रकम मानी सोमा करदर निर्धारण गर्दा तुलनात्मक रुपमा व्यवहारिक हुन सक्छ ।

नगरपालिका पार्श्वचित्रमा उल्लेखित उद्योग व्यवसायहरुको संख्यालाई आधार मान्दा १३३६ वटा उद्योग व्यापार व्यवसायहरुवाट औषत रु.५००० का दरले व्यवसाय सङ्कलन हुन सकेको अवस्थामा नगरपालिकाले वार्षिक रु.६६ लाख ८० हजार प्राप्त हुन सक्ने देखिन्छ । यसका लागि व्यवसायहरुको दर्ता नगरपालिकामा गर्नुपर्ने अनिवार्य व्यवस्था हुनुपर्ने र वार्षिक नवीकरण अद्यावधिक हुनुपर्ने र वार्षिक लेखापरीक्षण गर्न असम्भव व्यवसायहरुका लागि व्यवसाय कर वापत एक निश्चित रकम निर्धारण गर्नुपर्ने हुन्छ ।

**घ) नदीजन्य पदार्थविकी**

**विद्यमान अवस्था** :

यस अन्तर्गत ढुङ्गा, वालुवा, गिट्टी, दहत्तर, वहत्तर पर्दछन । नगरपालिकाले यस अन्तर्गत राजस्व सङ्कलन आर्थिक वर्ष २०७९/८० का लागि रु.३ करोड५० लाख सङ्कलन हुन सक्ने अनुमान भएको छ । आर्थिक वर्ष २०७९/८० का लागि गरिएको कूल आन्तरिक आयमा यस क्षेत्रको योगदान ४६.६७ प्रतिशत हुन सक्ने अनुमान गरिएको छ ।आर्थिक

वर्ष २०७९/८० मा नदीजन्य पदार्थको विक्री वितरणवाट नगरपालिकाले रु.३ करोड ५० लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ । सङ्कलनका लागि प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकेमा उपरोक्त राजस्व सङ्कलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**सम्भाव्यता** :

नगरपालिकाको वडा नम्वर २ को सुरही खोला र वडा नम्वर ९ को सुरही खोला, चिरई खोला, भकम खोला, धान खोला र सुख्खा खोला वाट ढुङ्गा, वालुवा र गिट्टी निकाल्ने योजना नगरपालिकाको रहेको देखिन्छ । उपरोक्त क्षेत्रवाट के कति परिमाणमा ढुङ्गा, वालुवा तथा गिट्टी सङ्कलन हुन सक्छ वा सकिन्छ सो वारे इआइए वा आइइ नगरिएतापनि ठूलो परिमाणमा उत्खनन गर्न सकिने सम्भावना पर्याप्त रहेको छ ।

**घ) सरसफाइ (फोहोरमैला व्यवस्थापन) शुल्क**

**विद्यमान अवस्था** :

नगरपालिकाले सरसफाइ शुल्क वापत आर्थिक वर्ष २०७९/८०का लागि रु.२० लाख राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ । पालिका क्षेत्रभित्र ठूलो संख्यामा होटेल रेष्टुरेण्ट, व्यापार व्यवसाय एवं औद्योगिक संस्थाहरु क्रियाशील रहदै आएको सन्दर्भमा उत्पादित फोहोरमैलाको सुरक्षित निकास व्यवस्थापन गर्नुपर्ने देखिएको छ । यसका लागि खासगरी वजार क्षेत्रमा श्रोतमा फोहोर वर्गीकरण, सङ्कलन र सुरक्षित विसर्जन गर्ने कार्यहरुका लागि पनि राजस्व सङ्कलन गर्नुपर्ने हुन्छ । नगरपालिकाको आर्थिक ऐन, २०७९ अनुसार होटेल, ग्यारेज तथा वर्कसपवाट रु.१६०, रेष्टुरेण्टवाट रु.११०, व्यापार व्यवसायवाट रु.८०, निजी आवासघरवाट रु.११० का दरले मासिक सरसफाइ शुल्क सङ्कलन गर्दै आएको छ । यसैक्रममा पालिकावाट रु.२० लाख राजस्व प्राप्त हुन सक्ने अनुमान भएको छ ।

**सम्भावना :**

भौतिक पूर्वाधारहरुको निर्माणवाट वजार विस्तार एवं विकासवाट, मानिसहरुमा खाद्य पदार्थको उपभोगमा आएको परिवर्तनवाट दिनपरदिन फोहोरहरुको उत्पादन वढ्दो क्रममा रहेको पाइन्छ । शहरी क्षेत्रमा वढ्दो जनसंख्या एवं उद्योग व्यापार व्यवसायको संख्यमा पनि क्रमशः वृद्धि हुँदै आएको सन्दर्भमा नगरपालिकाले अनुमान गरेको राजस्वमा अरु वढ्न सक्ने सम्भावना देखिन्छ ।

**ङ) घर नक्सापास**

**विद्यमान अवस्था** :

नगरपालिकावाट घर नक्सापास दस्तुर वापत आर्थिक वर्ष २०७९/८० का लागि रु.३० लाखसङ्कलन हुन सक्ने अनुमान गरिएको छ । आर्थिक ऐन, २०७९ अनुसार घरनक्सा पासका लागि नगरपालिकाले प्रतिवर्ग फिटका आधारमा शुल्क निर्धारण गरेको छ । यसरी शुल्क निर्धारण गर्दा घर तथा भवनहरुको प्रयोजनलाई आधार मानिएको छ । आवसीय प्रयोजन र व्यापारिक तथा औद्योगिक प्रयोजनका लागि वन्ने घर भवनहरुका लागि नक्सापास दस्तुर अलग अलग निर्धारण गरिएको छ भने शहरी तथा ग्रामीण क्षेत्रमा वन्ने घर भवनका लागि पनि नक्सापास दस्तुर भिन्न भिन्न दरमा निर्धारण भएको छ ।

**सम्भाव्यता**

पालिका क्षेत्रभित्र वजार क्षेत्रको विकास विस्तारसंगै नयाँ संरचनाहरु निर्माण हुँदै र भूकम्पीय प्रतिरोधात्मक तथा तथा जोखिम न्यूनीकरणका लागि पुरानाहरु संरचनाहरुलाई सवलीकरण, स्तरोन्नति तथा नवीकरण गर्ने सन्दर्भमा नक्सापास दस्तुर वापतको राजस्वमा अरु वृद्धि हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

**३.३ कर राजस्व**

कर राजस्व तर्फ नगरपालिकावाट भूमिकर तथा मालपोत, सम्पत्तिकर, व्यवसायकर, सवारी कर, घरजग्गा वहाल कर र विज्ञापन कर सङ्कलन हुँदै आएको छ । मनोरन्जन कर वापत राजस्व सङ्कलनको सम्भावना देखिदैन र यसका लागि करदर निर्धारण समेत भएको पाइदैन । यस सम्वन्धी विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

| तालिका नम्वरः ९.. कर राजस्व परिचालनको अवस्था | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| 1. | सम्पत्तिमा आधारित कर मालपोत/भूमिकर | भएको | भएको | भएको |
| 2. | सम्पत्तिमा आधारित कर सम्पत्तिकर | भएको | भएको | भएको |
| 3. | व्यवसाय कर | भएको | भएको | भएको |
| 4. | सवारी कर | भएको | भएको | भएको |
| 5. | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| 6. | विज्ञापन कर | भएको | भएको | भएको |
| 7. | मनोरञ्जन कर | नभएको | नभएको | नभएको |
| | | | | श्रोत : शिवराज नगरपालिकाको अभिलेख, २०८० |

### ३.४ गैरकर राजस्व :

गैरकर राजस्व अन्तर्गत नगरपालिकामा सवारी पार्किङ शुल्क, वहाल विटौरी शुल्क, पर्यटन शुल्क, फोहोरमैला व्यवस्थापन शुल्कको सम्भावना रहेको देखिन्छ । यसका लागि नगरपालिकावाट करदर निर्धारण समेत भई राजस्व सङ्कलन समेत भएको पाइन्छ । त्यसैगरी नदीजन्य पदार्थ अन्तर्गग वालुवा, ढुङ्गा, गिट्टी, दहत्तर वहत्तरको सम्भावना पनि वलियो रहेको पाइन्छ । अचल सम्पत्ति मूल्याङ्कन शुल्क, मेसिन औजारको भाडा एवं सिफारिस, प्रमाणित नक्सापास जस्ता दस्तुरहरुको सम्भावना पनि प्रवल छ । यसका लागि राजस्व दररेट निर्धारण गरी सेवा शुल्क सङ्कलन हुँदै आएको छ । तापनि स्थानीय स्तरमा भौतिक पूर्वाधारहरु निर्माण गरी सोको उपयोग गरेवापत सेवा शुल्क सङ्कलन गर्ने अभ्यास नगरपालिकामा रहेको पाइदैन । त्यसैगरी नगरपालिकावाट सार्वजनिक निजी साझेदारी र सहकारी संस्थाहरुसंगको सहकार्य र लगानीमा नागरिकहरुलाई आधारभूत सेवा सुविधाहरु उपलव्ध गराउने सन्दर्भमा नगरपालिकावाट खासै उल्लेखनीय कार्यहरु हुन सकेको पाइदैन । यसका लागि नगरपालिकावाट आवश्यक कानुनहरु समेत निर्माण हुन सकेको छैन । फोहोरमैला, ढल निकास, सडक वत्ती, पशुवधशाला, सार्वजनिक शौचालय जस्ता सेवाहरु सञ्चालनमा निजी क्षेत्र, सहकारी संस्था तथा स्थानीय उपभोक्ताहरुसंग नगरपालिकाले सहकार्यमा काम गर्न सक्छ यसवाट स्थानीय सरोकारवालाहरुसंगको साझेदारीमा हातेमालो गर्ने अभ्यास पनि विकास हुने भएपनि यसतर्फ पहल हुन सकेको छैन । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| तालिका नम्वर १० गैरकर राजस्व परिचालनको अवस्था | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| 1. | सवारी पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| 2. | खानेपानी महशुल | नभएको | नभएको | नभएको |
| 3. | विद्युत महसुल | नभएको | नभएको | नभएको |
| 4. | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| 5. | पर्यटन सेवा शुल्क | भएको | नभएको | नभएको |
| 6. | फोहोरमैला व्यवस्थपन शुल्क | भएको | भएको | भएको |
| 7. | प्राकृतिक स्रोतः ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर बिक्री | भएको | भएको | भएको |
| 8. | ढल निकास सेवा शुल्क | नभएको | नभएको | नभएको |

**तालिका नम्वर १०**
**गैरकर राजस्व परिचालनको अवस्था**

| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
|---|---|---|---|---|
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| 9. | सार्वजनिक शौचालय सेवा शुल्क | भएको | नभएको | नभएको |
| 10. | हाटवजार सेवा शुल्क | भएको | नभएको | नभएको |
| 11. | पशुवधशाला सेवा शुल्क | नभएको | नभएको | नभएको |
| 12. | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | नभएको | नभएको | नभएको |
| 13. | सडक बत्ती सेवा शुल्क ( नगरपालिकाबाट) | नभएको | नभएको | नभएको |
| 14. | अतिथि गृह सेवा शुल्क | नभएको | नभएको | नभएको |
| 15. | अचल सम्पत्ति मूल्याङ्कन शुल्क | भएको | भएको | भएको |
| 16. | दर्ता तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| 17. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| 18. | सिफारिस तथा बक्सौनी दस्तुर | भएको | भएको | भएको |
| 19. | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| 20. | अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| 21. | लिलाम विकी | नभएको | नभएको | नभएको |
| 22. | सार्वजनिक निजी साझदारी | नभएको | नभएको | नभएको |
| 23. | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | भएको | नभएको | नभएको |
| 24. | साँवा, ब्याज, लाभांस र वोनस | नभएको | नभएको | नभएको |
| 25. | भाडा तथा वहाल | भएको | भएको | भएको |
| 26. | मेसिन तथा औजार भाडा | भएको | नभएको | नभएको |
| 27. | सभागृह भाडा | भएको | भएको | भएको |
| 28. | ताल, पोखरी तथा जग्गा भाडा | नभएको | नभएको | नभएको |

श्रोत : शिवराज नगरपालिकाको अभिलेख, २०८०

# परिच्छेद - चार :
# राजस्व सङ्कलन तथा संस्थागत क्षमता

## ४.१ राजस्व परिचालन नीतिः

आर्थिक वर्ष २०७९/८० का नगरसभावाट स्वीकृत वार्षिक नीति कार्यक्रम अनुसार नगरपालिकाले अवलम्वन गरेको राजस्व सम्वन्धी नीति कार्यक्रम यसप्रकार रहेको छ ।

### क) विगतमा भएका उपलव्धिहरु

- राजस्व सङ्कलन सूचना प्रणालीको माध्यमवाट राजस्व सङ्कलन र दाखिला गर्ने प्रणालीलाई निरन्तरता दिएको
- राजस्व पोर्टल सिष्टमवाट वैंकमा राजस्व तथा कर दाखिला गरिएको
- तरकारी तथा फलफुल उत्पदन वजारीकरणका लागि वडा नम्वर ३ को खरेन्द्रपुरमा सङ्कलन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको
- नगरपालिका तथा ११ वटै वडा कार्यालयवाट अनलाइनमा आधारित प्रणालीवाट राजस्व तथा कर असुली गर्ने कार्य भएको

### ख) आन्तरिक राजस्व अभिवृद्धिका लागि अंगिकार गरिएको नीति तथा कार्यक्रम

- कर प्रशासनलाई करदातामैत्री, आधुनिक प्रविधिमैत्री वनाइनेछ
- राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ
- नगरमा प्राप्त राजस्वलाई सोही दिन वैंक दाखिला गर्ने व्यवस्था मिलाइएको छ
- सवै किसिमका व्यापार, व्यवसाय, औद्योगिक प्रतिष्ठान लगायतका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउन संस्थाको कानुन वमोजिम दर्ता, नवीकरण तथा करदाताको अभिलेख अद्यावधिक गरिनेछ
- राजस्व चुहावट गर्ने करदातालाई कानुन वमोजिम कारवाही गरिनेछ
- नगरका ११ वटै वडामा राजस्व घुम्ती शिविर सञ्चालन गरी कर सचेतना कार्यक्रम तथा करका नयाँ क्षेत्रको पहिचान गरी करको दायरा भित्र समावेश गरिनेछ
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको सहज वातावरण वनाउने कर नीति अपनाइनेछ
- नगरको स्वामित्व वा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, पोखरी, हाटवजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख र अद्यावधिक गरी राजस्व आम्दानी गर्ने माध्यमको रुपमा प्रयोग गरिनेछ
- कर तिर्नु सम्मानित नागरिक वन्नु पनि हो भन्ने भावना जगाउन करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ
- चन्द्रौटा वजार क्षेत्रमा चल्ने अटो तथा ईरिक्सा पार्किङ स्थाल व्यवस्थापन गरिनेछ
- सडक क्षेत्रभित्र अव्यवस्थित रुपमा सञ्चालनमा रहेका ठेला तथा घुम्ति पसल, अटो ग्यारेज आदिको व्यवस्थापनका लागि आवश्यक पहल तथा व्यवस्थापन गरिनेछ
- नक्सापास, राजस्व प्रशासन र जनतासंग सरोकार राख्ने विषयलाई विद्युतीय प्रणाली मार्फत गरिनेछ

### ग) भौतिक पूर्वाधार उपभोग तथा सेवा शुल्क सङ्कलन गर्ने सन्दर्भमा राजस्व अभिवृद्धि हुनसक्ने नीतिहरु

- कृषिजन्य वस्तुहरुको वजारीकरणलाई व्यवस्थित गर्दै सङ्कलन केन्द्रहरु सञ्चालनमा जोड दिइनेछ
- सिंचाई पूर्वाधार निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ
- केवलकार, स्तरीय होटेल सञ्चालन जस्ता पर्यटन पूर्वाधारमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक सहजीकरण गरिनेछ

- ऐतिहासिक शिवगढी मन्दिर, पुरातात्विक सोनवागढ र थारु सङ्ग्रहालयको वृहत्तर विकासका लागि गुरुयोजना निर्माण गरी सोको कार्यान्वयन मार्फत पर्यटन प्रवर्द्धनलाई निरन्तरता दिइनेछ
- खैरीताललाई सौन्दर्यकरण गरी स्थानीय पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ
- खरेन्द्रपुर चोमा विभूति, प्रतिमा सहितको स्मार्ट पार्क निर्माण गरिनेछ
- वडा नम्वर ८ मा औद्योगिक ग्राम स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन निर्माणको कार्य सम्पन्न गरी आवश्यक प्रक्रिया अगाडी वढाइनेछ
- नगर स्तरीय निर्माणधिन १५ शैयाको आधारभूत स्वास्थ्य सेवा अस्पतालको व्यवस्थापन र अस्पतालवाट प्रदान गर्दै आएको सेवालाई थप सेवा सञ्चालन गरिनेछ
- हालसम्म मापदण्ड वमोजिम नक्सापास नगराई वनेका घरहरुको अभिलेख कार्य सम्पन्न गरी नयाँ वन्ने घरहरुको नक्सापास गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ

## ४.२ संस्थागत क्षमता

नगरपालिकाको राजस्व परिचालन एवं राजस्व प्रशासन सञ्चालन गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विभिन्न व्यवस्था गरेको छ । जनप्रतिनिधिहरुको प्रतिनिधित्वका लागि पालिका स्रतमा स्थानीय राजस्व परामर्श समिति गठन गर्नुपर्ने व्यवस्था गरिएको छ । नगर उपप्रमुखको संयोजकत्वमा एक समिति गठन गर्नुपर्ने त्यसैगरी नेपाल सरकारद्वारा तयार पारिएको संगठनात्मक ढाँचा अनुसार राजस्व प्रशासनलाई प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरी व्यवस्था गरिएको छ । राजस्व प्रशासनलाई एक अलग्गै शाखा नभई उपशाखाको



रुपमा व्यवस्था गरिएको छ । यस अन्तर्गत अधिकृत छैठौ तह र सहायक चौथौ वा पाँचौ तहको कर्मचारी राख्नुपर्ने व्यवस्था गरिएको छ

उपरोक्त पक्षहरुका वावजुद पनि नगरपालिकावाट राजस्व प्रशासन सञ्चालनका लागि कार्यपालिका कार्यालयमा अधिकृत स्तर छैटौ तह र सहायक तह चौथो तहको गरी २ जना कर्मचारीको व्यवस्था मिलाइएको छ । यस वाहेक राजस्व सङ्कलन अरु जनशक्तिहरुको पनि प्रत्यक्ष आवद्धता नगरपालिकामा पाइन्छ । राजस्व सङ्कलन नगरपालिकाको वडा कार्यालयहरुवाट हुँदै आएको सन्दर्भमा वडा सचिव लगायत सहायक कर्मचारीहरु राजस्व प्रशासनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न हुँदै आएको पाइन्छ ।

नगरपालिकाको राजस्व नीति, कार्यक्रम, विगतमा भएका प्रगति समीक्षा र सोका आधारमा लिइने राजस्व नीति तथा कार्यक्रम, त्यसको प्रभाव एवं असरहरुको मूल्याङ्कन सोका आधारमा गरिने संशोधन तथा परिमार्जन, कर तथा गैरकर राजस्वहरुको दर एवं दायराको विश्लेषण गरी राजस्व प्रशासनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी राजस्व प्रशासन शाखाको भएकोले त्यसप्रकारको क्षमता र दक्षता भएका जनशक्तिको व्यवस्था हुनुपर्ने देखिन्छ ।

### ४.३ आन्तरिक आय

नगरपालिकावाट आर्थिक वर्ष २०७९/८० का लागि रु.७ करोड ५० लाख आन्तरिक आय प्राप्त हुने अनुमान गरिएको थियो । यस अनुसार कर राजस्ववाट रु ६१ लाख ५० हजार प्राप्त हुन सक्ने अनुमान गरिएको थियो भने गैरकर राजस्ववाट ६ करोड ८८ लाख ५० हजार प्राप्त हुन सक्ने अनुमान भएको थियो । यस हिसाववाट कूल आन्तरिक आयमा कर राजस्वको हिस्सा करीव ८.२० प्रतिशत गैर कर राजस्वको हिस्सा ९१.८० प्रतिशत रहेको पाइन्छ । कर राजस्वमा प्रमुख हिस्सा एकीकृत सम्पत्तिको र दोश्रोमा भूमिकर (मालपोत) को रहेको पाइन्छ । करीव रु.५५ लाख अर्थात कूल आन्तरिक आयको करीव ७.३३ प्रतिशत राजस्व यी दुई श्रोतवाट प्राप्त हुन सक्ने अनुमान गरिएको छ ।

त्यसैगरी गैरकर राजस्व अन्तर्गत जग्गा रजिष्ट्रेशन र नदीजन्य पदार्थ को विकीको भूमिका अग्रणी पाइन्छ । उपरोक्तश्रोतवाट कमशः रु.१ करोड ५७ लाख, रु.३ करोड ५० लाख राजस्व प्राप्त हुन सक्ने अनुमान भएको छ । यस पश्चातको प्रमुख योगदान सिफारिस दस्तुर र घर नक्सापास रहने अनुमान भएको छ । कूल आन्तरिक आयमा यिनीहरुको योगदान हिस्सा करीव ४-४ प्रतिशत रहने अनुमान छ । वहाल विटौरी शुल्क र सरसफाइ शुल्कवाट कूल आन्तरिक आयको कमशः २.२७ र २.६७ प्रतिशत प्राप्त हुन सक्ने अनुमान गरिएको छ ।

गैरकर राजस्व अन्तर्गत व्यवसाय दर्ता तथा नवीकरणवाट नगरपालिकालाई करीव रु.१५ लाख,

**तालिका नम्वर : ११**
**आन्तरिक आय विवरण**

| स्रोतहरु | आव २०७९/८० को अनुमान | प्रतिशत |
|---|---|---|
| एकीकृत सम्पत्ति कर | 3,000,000 | 4.00 |
| मालपोत (भूमिकर) | 2,500,000 | 3.33 |
| घर वहाल कर | 500,000 | 0.67 |
| विज्ञापन कर | 150,000 | 0.20 |
| **जम्मा : कर राजस्व** | **6,150,000** | **8.20** |
| जग्गा रजिष्ट्रेशन शुल्क | 15,700,000 | 20.93 |
| वहाल विटौरी शूल्क | 1,700,000 | 2.27 |
| व्यवसायले भुक्तानी गर्ने | 1,500,000 | 2.00 |
| सरकारी सम्पत्तिको वहालवाट प्राप्त | 1,500,000 | 2.00 |
| नदीजन्य पदार्थ विकी | 35,000,000 | 46.67 |
| सरकारी सम्पत्तिको विकीवाट प्राप्त (कवाडी) | 1,000,000 | 1.33 |
| शिक्षा क्षेत्रवाट आम्दानी | 100,000 | 0.13 |
| अन्य प्रशासनिक सेवा शुल्क | 700,000 | 0.93 |
| घर नक्सापास दस्तुर | 3,000,000 | 4.00 |
| सिफारिस दस्तुर | 3,000,000 | 4.00 |
| व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | 1,000,000 | 1.33 |
| नाता प्रमाणित दस्तुर | 1,000,000 | 1.33 |
| अन्य दस्तुर | 500,000 | 0.67 |
| प्रशासनिक दण्ड जरिवाना | 1,000,000 | 1.33 |
| प्रदुषण नियन्त्रण (सरसफाई सेवा) शुल्क | 2,000,000 | 2.67 |
| वेरुजू फछ्र्यौट | 100,000 | 0.13 |
| निकासी शुल्क (कृषि तथा पशुजन्यको व्यवसायिक विकी) | 50,000 | 0.07 |
| **जम्मा : गैरकर राजस्व** | **68,850,000** | **91.80** |
| **जम्मा : आन्तरिक आय** | **75,000,000** | **100.00** |

सरकारी सम्पत्ति अर्थात कवाडीको विक्रीवाट रु.१० लाख, नाता प्रमाणित दस्तुरवाट रु.१० लाख, प्रशासनिक दण्ड जरिवाना वापत रु.१० लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ ।

### ४. ४ सम्भावना तथा चुनौतिहरु

राजस्व अभिवृद्धि एवं परिचालन गर्ने सन्दर्भमा पुतलीबजार नगरपालिकामा निम्न अनुसारका सम्भावना तथा चुनौतिहरु रहेका छन ।

**तालिका नम्वर : १२**
**नगरपालिकाको वस्तुस्थिति विश्लेषण**

| सवल पक्ष तथा सम्भावनाहरु | समस्या तथा चुनौतिहरु |
|---|---|
| ➧ राजस्व परिचालनका लागि प्रशासनिक संरचना तथा संयन्त्र निर्माण भएको<br>➧ नगरपालिकामा राजस्व उपशाखा क्रियाशील रहेको र जनशक्ति व्यवस्था भएको<br>➧ राजस्व सङ्कलन वडा कार्यालयवाट हुँदै आएको<br>➧ राजस्व अभिवृद्धिका लागि वार्षिक नीति, कार्यक्रम को व्यवस्था<br>➧ राजस्व अभिवृद्धि हुनसक्ने क्षेत्रहरुमा वार्षिक वजेट विनियोजन भएको<br>➧ सम्पत्तिकर, र वहालकर जस्ता मुख्य स्रोतहरु कार्यान्वयनमा<br>➧ राजस्व अभिलेखन एवं रसिद काट्ने व्यवस्था कम्प्युटर सफ्टवेयरवाट हुने गरेको<br>➧ धार्मिक एवं प्राकृतिक दृश्यावलोकन स्थलहरुको निर्माण संगै पर्यटन शुल्क संकलनको सम्भावना रहेको<br>➧ पार्किङ सेवा, स्थानीय सडक शीतभण्डार, पशुवधशाला, कृषि उपज सङ्कलन केन्द्र, हाटवजार सञ्चालन आदि जस्ता भौतिक पूर्वाधार निर्माण तथा सुविधा उपलव्ध गराए वापत सेवा शुल्क सङ्कलनको सम्भावना वलियो<br>➧ होमस्टे एवं उद्यमशीलता विकास गरी उद्योग व्यवसाय प्रवर्द्धनवाट राजस्व सङ्कलन हुन सक्ने क्षेत्रमा वजेट विनियोजन भएको<br>➧ एम्वुलेन्स सञ्चालनवाट पनि राजस्व सङ्कलन हुन सक्ने देखिन्छ | ➧ गैरकर राजस्व माथिको परनिर्भरता वढ्दै जानु<br>➧ सम्पत्तिकर र व्यवसायकर प्रभावकारी ढङ्गवाट कार्यान्वयन गर्नु<br>➧ राजस्व अभिवृद्धिका लागि दायरा विस्तार गर्नुर राजस्वका नयाँ क्षेत्र तथा स्रोत पहिचान गर्नु<br>➧ राजस्व सङ्कलनलाई अनलाइन सेवा उपलव्ध गराई सोही अनुसार कार्यान्वयनमा समस्या<br>➧ नागरिकलाई कर तिर्नुपर्ने वारेमा जनचेतना अभिवृद्धि गर्न नसक्नु<br>➧ राजस्व सङ्कलन हुने क्षेत्रहरु खासगरी पूँजीगत क्षेत्रमा लगानी अभिवृद्धि गर्नु<br>➧ पर्यटकीय क्षेत्र, खानेपानी सेवा, स्थानीय सडक जस्ता नगरपालिकाले निर्माण गरी सेवा सुविधा उपलव्ध गराए वापत उपभोग शुल्क कार्यान्वयन ल्याउनु<br>➧ राजस्व शाखामा दक्ष एवं जनशक्ति संख्या न्यून हुनु<br>➧ नगरपालिकाका पदाधिकारी, सदस्य एवं कर्मचारीहरुमा राजस्व अभिवृद्धि सम्वन्धी क्षमता न्यून हुनु<br>➧ राजस्वका दररेटहरु तुलनात्मक रुपमा वढी हुनु र करदर व्यवहारिक नहुनु<br>➧ कर राजस्व एवं गैरकर राजस्व परिचालनका लागि छाता कानुन निर्माण नहुनु, जसको आधारमा कार्यविधि एवं अन्य कानुनहरु निर्माण हुन नसक्नु । जस्तो व्यवसाय कर, पार्किङ शुल्क जस्ता श्रोतका लागि कार्यविधि निर्माण नहुनु<br>➧ राजस्व सम्वन्धी वार्षिक नीति कार्यक्रमहरुको कार्यान्वयनका लागि वजेट व्यवस्था न्यून हुनु<br>➧ करका दररेट निर्धारण एवं कार्यान्वयनका लागि अन्तरपालिका समन्वय स्थापित हुनु नसक्नु<br>➧ कर भुक्तानीका लागि करदाताहरु नगरपालिका तथा वडा कार्यालय सम्म पुग्नु पर्ने वाध्यता<br>➧ कर प्रशासनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नु |

# परिच्छेद - पाँच :
# राजस्व सुधार कार्ययोजना

## ५.१ कर राजस्व सुधार योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार करराजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु करलाई राखिएको छ । उपरोक्त करहरुको सुधारका लागि नगरपालिकाकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर सङ्कलनमा प्रभावकारीता ल्याई सङ्कलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई नगरपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

**ख) रणनीतिहरु**

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
२ कर तिर्ने अभ्यास विकास गर्न नागरिकलाई प्रोत्साहित गर्ने
३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने
४ कर सङ्कलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने
५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने
६ सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने

**ग) कार्यनीतिहरु**

**रणनीति- १अन्तर्गतको कर राजस्व परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु**

१. पालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा नगरपालिका आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।
२. कर राजस्व र गैरकर राजस्व सम्वन्धी व्यवस्थापनका लागि ऐन तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ । यसैका आधारमा जडीवुटी कवाडी तथा जीवजन्तु कर, सवारी साधन पार्किङ सम्वन्धी, सरसफाइ र प्राकृतिक श्रोत सङ्कलन (वालुवा, गिट्टी, ढुङ्गा, दहत्तर वहत्तर) का लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. नगरपालिका भित्र नियमित रुपमा सञ्चालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।
४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।
५. पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, स्थानीय विद्युत) उपयोगवाट राजस्व सङ्कलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को कर तिर्ने अभ्यास विकासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिई समयमै कर भुक्तानीका लागि प्रोत्साहित गरिनेछ ।
३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।
४. ठूला करदातालाई नगरपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।
५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।
६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क सङ्कलन गरी करदाताहरुको डाटावेस तयार पारिनेछ ।
२. सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु कर लगायतका करदाताहरुको अभिलेख खण्डीकृत र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।
३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।
४. नगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण सङ्कलन गरी लगत अद्यावधिक गरिनेछ ।
५. नगरपालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।
६. राजस्व शाखामा तथ्याङ्कहरु अभिलेखका लागि कम्प्युटर सफ्टवेयर प्रयोगमा ल्याउने । सञ्चालनमा रहेको विद्यमान अभिलेखीकरण प्रणालीलाई अद्यावधिक गरिनेछ ।

**रणनीति ४ को कर सङ्कलन प्रकियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।
२. राजस्व सङ्कलन तथा भुक्तानीका लागि डिजिटाइज गरिने छ ।
३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सेवा उपलव्ध गराइनेछ ।
४. सङ्कलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

**रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा प्रगतिशिल करदर प्रणालीलाई व्यवस्थित गरिनेछ ।
२. कर वृद्धिका लागि नयाँ नयाँ क्षेत्रहरु पहिचान गरिनेछ । करको दररेटलाई सक्दो न्यून वनाउदै दायरा फराकिलो पारिनेछ ।
३. भू-उपयोग, जग्गाको उपयोगता र सडक पहुँचका आधारमा भूमि वर्गीकरण तथा मूल्यगरिनेछ र सोका आधारमा सम्पत्ति करदर निर्धारण गरिनेछ ।
४. व्यवहारिक एवं वैज्ञानिकताकाआधारमा करदर तथा गैरकर राजस्व परिमार्जन एवं संशोधन गरिनेछ ।
५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, लगानी एवं कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा व्यवसाय करको दररेट निर्धारण गरिनेछ ।
६. जडीवुटी, तथा कवाडी आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।
७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

**रणनीति ६ को संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१. सङ्कलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ
२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, उद्यान पार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषि उपज सङ्कलन केन्द्र, हाटवजार, पर्यटकीय स्थलहरु निर्माणहरुमा लगानी गरी राजस्व अभिवृद्धि गरिनेछ ।
३. सहकारी तथा निजी क्षेत्रहरुसंगको सहकार्यमा शहरी तथा वजार क्षेत्रमा वहुउद्देश्यीय तथा वहुतले भवनहरु निर्माण गरी राजस्व अभिवृद्धि गरिने छ ।
४. कृषि र गैरकाष्ठ वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापना, प्रवर्द्धन तथा विकास विस्तारवाट राजस्व अभिवृद्धि गरिनेछ ।

## घ) करराजस्व सुधार कार्ययोजना

**तालिका नम्वर : १३**
**कर राजस्व सुधार कार्ययोजना**

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| **क)** | **सम्पति कर** | | |
| 1. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को न्यूनतम मूल्याङ्कन परिमार्जन गर्ने | २०८० मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा |
| 2. | सम्पत्ति कर व्यवस्थापन कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने | २०८० मंसिर मसान्त सम्म | नगर कार्यपालिका |
| 3. | सम्पत्ति करदर परिमार्जन गर्ने | २०८० मंसिर मसान्त सम्म | |
| 4. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयं घोषणा अभियान सञ्चालन गर्ने | २०८०भाद्र देखि नियमित | नगरपालिका, वडा कार्यालयहरु |
| 5. | सम्पत्ति कर सम्वन्धी करदाताहरुको अभिलेख अद्यावधिक गर्दै करदाता नम्वर वितरण गर्ने | २०८०भाद्र देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| **ख)** | **घर जग्गा वहाल कर** | | |
| 6. | नगरपालिकाभित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्याङ्क सङ्कलन गर्ने | २०८०कार्तिक मसान्त सम्म | राजस्व शाखा वडा सचिव |
| 7. | घरजग्गा वहाल कर सम्वन्धी कार्यविधि तर्जुमा परिमार्जन, संशोधन गर्ने | २०८०मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति र नगरसभा |
| **ग)** | **व्यवसाय कर** | | |
| 8. | नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवस्था गर्न सबै व्यवसायीलाई सुचित गर्ने | २०८० भाद्र देखि नियमित | राजस्व परामर्श समिति, राजस्व शाखा |
| 9. | व्यवसाय कर व्यवस्थापन सम्वन्धी कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने | २०८०मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति नगरसभा |
| 10. | दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने | २०८० साउन देखि नियमित | राजस्वशाखा र वडा कार्यालयहरु |
| **घ)** | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | |
| 11. | जडिवुटी, कवाडी र जीवजन्तु कर सङ्कलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क सङ्कलन गर्ने | २०८० मंसिर मसान्त सम्म | राजस्वशाखा र वडा कार्यालयहरु |
| 12. | जडीवुटी जीवजन्तु तथा कवाडी कर कार्यविधि तर्जुमागर्ने | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **ङ)** | **विज्ञापन कर** | | |
| 13. | न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने | २०८० भाद्र मसान्त सम्म | राजस्वशाखा र वडा कार्यालयहरु |
| 14. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुमागर्ने | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **च)** | **सवारी साधन कर** | | |
| 15. | नगरपालिका क्षेत्रमा सञ्चालित सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने | २०८० भदौ मसान्त सम्म | राजस्व उपशाखा, वडा कार्यालयहरु |
| 16. | प्रदेश कानुन वमोजिम सवारी साधन कर कार्यविधि तर्जुमागर्ने | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |

## ५.२ गैरकर राजस्व सुधार योजना

यस अन्तर्गत नगरपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्याङ्कन जस्ता सेवा सुविधाहरु उपलब्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्री रहेका छन । उपरोक्त गैरकरहरुको सुधारका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलव्ध गराई पालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

**ख) रणनीति**

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।
२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।
३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु**

१. नदीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, दहत्तर, वहत्तर आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा, परिमार्जन तथा संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
२. नगरपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, वालुवाको सङ्कलनका लागि अध्ययनका आधारमा ठेक्का प्रकियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन एवं विकी गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गरिनेछ ।
३. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
४. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।
५. शहरीकरणसंगसंगै निजीक्षेत्र, सहकारी संस्थासंगको सहकार्यमा फोहोरमैला व्यवस्थित गर्न ठेक्का प्रकिया अवलम्वन गरिनेछ ।

**रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।
२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।
३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।
४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

## घ) गैरकर राजस्व सुधार कार्ययोजना

| तालिका नम्वर : १४<br>गैरकर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|
| **क.सं.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरू** | **समयावधि** | **जिम्मोवारी** |
| **क)** | **नदीजन्य पदार्थको उपयोग** | | |
| 17. | नदीजन्य पदार्थको उपयोग गर्ने सम्वन्धी कार्यविधि तर्जुमागर्ने र ढुङ्गा, गिट्टी, वालुवाको बिक्री व्यवस्था गर्ने | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| 18. | सम्भाव्य स्थलहरुको IEE परिक्षण गर्ने र सो अनुसारको परिमाण एकिन गर्ने | २०८०कार्तिक मसान्त सम्म | प्राविधिक शाखा र प्रशासकीय अधिकृत |
| 19. | सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्य सुनिश्चित गर्ने | २०८०भाद्र देखि नियमित | राजस्व परामर्श समिति नगर कार्यपालिका |
| **ख)** | **नक्सापास दस्तुर** | | |
| 20. | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने | २०८० साउन देखि नियमित | प्राविधिक शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| 21. | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | २०८० साउन देखि नियमित | प्राविधिकशाखा तथा वडा कार्यालयहरु |
| 22. | घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने | २०८० साउन देखि नियमित | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु |
| **ग)** | **बहाल विटौरी शुल्क** | | |
| 23. | वहाल विटौरी शुल्कलाई परिमार्जन गर्दै कार्यविधि तर्जुमागर्ने | २०८० कार्तिक सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| 24. | सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने | २०८० मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **घ)** | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | |
| 25. | शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | २०८० साउन मसान्त सम्म | राजस्व परामर्श समिति, नगरसभा |
| **ङ)** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| 26. | नगरपालिकालाई दीर्घकालीन आय आर्जन हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- हाट बजार सञ्चालन<br>- उद्यमशिलता विकास<br>- औद्योगिक ग्राम<br>- फोहोर प्रशोधन केन्द्र<br>- स्थानीय पूर्वाधार सेवाहरु | २०८०भाद्र मसान्त सम्म | नगरकार्यपालिका |
| 27. | नगरपालिका क्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्ट सञ्चालनका लागि निजी | २०८०भाद्र देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, |

| | | | |
|---|---|---|---|
| | क्षेत्र, सहकारी संस्थासंग सहकार्य गर्ने | | नगरकार्यपालिका |
| २४. | व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, प्राविधिक शिक्षालय, अस्पताल, फोहोर सङ्कलन केन्द्र, चिस्यान केन्द्र, सार्वजनिक शौचालय, वहुउद्देश्य तथा वहुतले भवन जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण, सञ्चालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजश्व सुधार कार्यक्रम सञ्चालन गर्ने | २०८०भाद्र देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका |

## ५.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस अन्तर्गत नगरपालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन । उपरोक्त कार्यका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

नगरपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

**ख) रणनीति**

१. नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु**

१. राजस्व सुधार एवं परिचालनका लागि नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. मध्यकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखामा प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।
२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई क्रियाशील वनाइनेछ ।
४. नागरिकहरुको अचल सम्पत्ति मूल्याङ्कनका लागि प्राविधिकहरु समेत रहने गरी नगरपालिका स्तरीय सम्पत्ति मूल्याङ्कन समिति गठन गरिनेछ ।
५. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रमवारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
८. नगरपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

**रणनीति ३ को राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याइनेछ ।
२. वडा कार्यालयहरु सहित कार्यपालिकामा तिब्रगतिको इण्टरनेट जडान गरिनेछ ।
३. राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गरिनेछ ।
४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रकिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।
५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी जानकारी करदाताहरुलाई गराइने छ ।

**घ) राजस्व प्रशासन सुधार कार्ययोजना**

**तालिका नम्वर : १५**
**राजस्व प्रशासन सुधार कार्ययोजना**

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मोवारी |
|---|---|---|---|
| **क)** | **संगठानिक स्वरुप तथा संस्थागत क्षमता** | | |
| 29. | राजस्व शाखामा राजस्व सम्बन्धी सम्पूर्ण दस्तावेज तथा तथ्याङ्कको अभिलेख राख्ने | नियमित | राजस्व उपशाखा |
| 30. | राजस्व शाखामा कर्मचारीको व्यवस्था गर्ने | २०८० असोज मसान्त सम्म | कार्यपालिका |
| 31. | राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गर्ने | २०८० मंसिर सम्म | प्रमुम प्रशासकीय अधिकृत |
| 32. | राजस्व असुलीमा प्रयोग हुँदै आएको कम्प्युटर सफ्टवेयरमा आवश्यक सुधार गर्ने | २०८० कार्तिक मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| 33. | वडा सचिवहरुको बैठक नियमित (कम्तिमा त्रैमासिक) राखी राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने | त्रैमासिक | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| **ख)** | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| 34. | आवश्यक ऐन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | २०८० जेष्ठ मसान्त सम्म | राजस्व परामर्श समिति नगरसभा |
| 35. | राजस्व नीति करदातामैत्री बनाउने | २०८० साउन | कार्यपालिका |
| **ग)** | **समन्वय, अनुगमन र समीक्षा** | | |
| 36. | राजस्वसंग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने | अर्ध वार्षिक | राजस्व शाखा |
| 37. | स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व सङ्कलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने | त्रैमासिक | राजस्व शाखा |
| **घ)** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | |
| 38. | कार्ययोजनामा उल्लेख भएका कियाकलापहरुको कार्यान्वयन गर्ने र कियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |
| 39. | आवधिक रुपमा अनुगमन तथा मुल्याङ्कन गर्ने र कियाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जाने | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद - छः
# त्रिवर्षीय राजस्व प्रक्षेपण

नगरपालिकाको आगामी आर्थिक वर्षहरु २०८०/८१देखि २०८२/८३) का लागि राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपण राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुनसक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ।

## ६.१ राजस्व प्रक्षेपणको आधार

**तालिका नम्वर : १६**
**राजस्व प्रक्षेपणका आधारहरु**

| **क. सं.** | **राजस्व शिर्षक** | **प्रक्षेपणको आधार** |
|---|---|---|
| **क)** | **आन्तरिक आय तर्फ** | |
| 1. | सम्पत्ति कर | घरधुरीको आधारमा सम्पत्ति कर निर्धारण गरिएको छ। यस अन्तर्गत हरेक १ जना सम्पत्ति कर प्रयोजनका लागि करदाता हुन सक्ने अनुमानका आधारमा कूल क्षमता रु.२ करोड ६० लाख ८४ हजार ५०८ रहेकोमा पहिलो वर्ष सो रकमको २० प्रतिशत, त्यसपछिको वर्षमा २५ प्रतिशत र तेश्रो वर्षमा ३० प्रतिशतका दरले प्राप्त हुन सक्ने । |
| 2. | घरजग्गा बहाल कर | घरवहाल कर वापत रु.१५ लाख ३४ हजार सङ्कलन हुन सक्ने अनुमान का आधारमा सोको करीव ५० प्रतिशत पहिलो वर्ष, ६० प्रतिशत दोश्रो र तेश्रो वर्षमा ७५ प्रतिशत सङ्कलन हुन सक्ने |
| 3. | व्यवसाय कर | वार्षिक रु.६६ लाख ८० हजार वार्षिक सङ्कलन हुन सक्ने क्षमताका आधारमा सो रकमको पहिलो वर्ष २५ प्रतिशत, दोश्रो वर्ष ३५ प्रतिशत र तेश्रो वर्ष ५० प्रतिशतका दरले सङ्कलन हुन सक्ने |
| 4. | सवारी साधन कर | पालिकाको अधिकार क्षेत्रका सवारी साधनहरुवाट औषतमा प्रति एक सवारी साधनवाट वार्षिक रु.२५०० का दरले प्राप्त हुन सक्ने |
| 5. | वहाल विटौरी शुल्क | आर्थिक वर्ष २०८०/८१ का लागि रु.१७ लाख अनुमान भएको छ। सोही रकमका दरले आगामी ३ वर्षमा प्राप्त हुन सक्ने |
| 6. | सरकारी सम्पत्तिको वहाल | आर्थिक वर्ष २०८०/८१ का लागि रु.१५ लाख प्राप्त हुन अनुमानका आधारमा आगामी ३ वर्षमा पनि सोही अनुसार प्राप्त हुन सक्ने |
| 7. | नदीजन्य पदार्थ उपयोग | आर्थिक वर्ष २०८०/८१ का लागि रु.३ करोड प्राप्त हुन सक्ने आधारमा आगामी ३ वर्ष सम्म पनि सोहीका दरले प्राप्त हुन सक्ने |
| 8. | फोहोरमैला सरसफाइ शुल्क | आर्थिक वर्ष २०८०/८१ का लागि रु.२० लाख प्राप्त हुन सक्ने अनुमानका आधारमा हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुन सक्ने |
| 9. | सिफारिस दस्तुर | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुन सक्ने |
| 10. | नाता प्रमाणित दस्तुर, प्रशासनिक दण्ड जरिवाना, अन्य दस्तुर | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुन सक्ने |

| | | |
|---|---|---|
| 11. | सवारी पार्किङ शुल्क | प्रत्येक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा पहिलो वर्ष रु.१५ लाख प्राप्त हुन सक्ने |
| **ख** | **वाह्य श्रोत** | |
| 12. | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण, राजस्व बाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
